आज मिति २०८३ साल असार महिनाको ०५ गते ठीक १:०० बजे निस्दी गाउँपालिका गाउँ कार्यपालिकाको १११ औं बैठक गाउँपालिकाको अध्यक्ष श्री मुक्त बहादुर सारु ज्यूको अध्यक्षतामा बसी देहाय अनुसारका प्रस्तावहरु माथि छलफल गरी निर्णय गरियो ।

उपस्थितिहरु :-

१. अध्यक्ष श्री मुक्त बहादुर सारु

२. उपाध्यक्ष श्री तिरन कुमारी श्रेष्ठ

३. सदस्य श्री यम बहादुर राना

४. सदस्य श्री फत्ते सिं दर्लामी

५. सदस्य श्री नविन्द्र थापा सोती

६. सदस्य श्री सन्तविर सुनारी

७. सदस्य श्री दुर्गा बहादुर सोमै

८. सदस्य श्री मेख बहादुर सुनारी

९. सदस्य श्री मुक्त बहादुर पाटा

१०. सदस्य श्री हेम कुमारी सुनारी

११. सदस्य श्री देवीसरा सोमै

१२. सदस्य श्री मिम्श्री बयम्बु

१३. सदस्य श्री खुमीसरा पुलामी

१४. सदस्य श्री रिकलाल कामी

१५. सदस्य श्री खुम बहादुर वि.क.

१६. सचिव श्री पूर्ण बहादुर चितौरे

अन्य सहयोगी कर्मचारी

आर्थिक प्रशासन शाखा प्रमुख श्री सरोज काफ्ले

पूर्वाधार शाखा प्रमुख श्री संजय खनाल

सूचना प्रविधि अधिकृत श्री हरि आले

प्रशासन शाखा प्रमुख श्री अक्लेश्वर नाथ चौधरी

बाल कल्याण अधिकारी श्री कुशमाखर पाण्डे

का.स.श्री रोमी सरा खन्गाहा

**मिति २०८३।०३।०५ गतेका दिन ठीक १:०० बजे बसेको निस्दी गाउँपालिकाको १११ औं गाउँ कार्यपालिकाको बैठकको प्रस्तावहरु**

१,समिक्षा तथा रिपोर्टिङ सम्बन्धमा ।

२,वार्षिक नीति तथा कार्यक्रम र बजेट तर्जुमा सम्बन्धमा ।

३,भुक्तानी सम्बन्धमा ।

४,विविध ।

मिति २०८३।०३।०५ गते बसेको निस्दी गाउँपालिकाको १११ औं गाउँ कार्यपालिकाको बैठकको निर्णयहरु

१. गत कार्यपालिका बैठकको निर्णय कार्यान्वयनको समिक्षा गरियो । गत कार्यपालिका बैठकको निर्णय कार्यान्वयन भएको पाइयो,सात वटै वडाका वडा अध्यक्ष तथा कार्यपालिका सदस्यहरुबाट वडा कार्यालयबाट सञ्चालित सेवा प्रवाह साथै विविध विषयको अवस्थाबारे रिपोर्टिङ गर्नुका साथै अन्य विविध विषयमा समिक्षा गरियो ।

२. आगामी आ.व.२०८३।०८४ को वार्षिक नीति तथा कार्यक्रम र बजेट तर्जुमाका लागि सुझाव संकलन गर्न आयोजना गरिएको पालिकास्तरीय सर्वपक्षीय बैठक र प्रत्येक वडास्तरीय सर्वपक्षीय बैठकबाट प्राप्त सुझावहरुलाई समावेश गरी गाउँ कार्यपालिकाको सबै विषयगत समितिमा समावेश गरी विषयगत नीति तर्जुमा गरी गाउँ कार्यपालिकाको बैठकमा पेश गर्ने सर्वसम्मत निर्णय गरियो ।

३. यस आ.व.२०८२।०८३ मा गाउँ सभाबाट स्वीकृत रकम रु.५०००००।-को ब्लड बैंक अनुदान शीर्षकबाट खर्च हुने गरी नेपाल रेडक्रस सोसाइटी पाल्पा शाखाको नाममा पेश भएका बिलका आधारमा रकम रु.५०००००।-उक्त संस्थाको नाममा भुक्तानी दिने र सो कार्यान्वयनको लागि गाउँकार्यपालिकाको कार्यालयलाई निर्देशन दिने सर्वसम्मत निर्णय गरियो ।

४. देहायका विविध विषयमा छलफल गरी देहाय बमोजिम निर्णय गरियो ।

क.यस निस्दी गाउँपालिका अन्तर्गतको निस्दी कोसेली घर मार्फत बजारीकरण कार्यक्रम अन्तर्गत उत्पादनमा आधारित प्रोत्साहनको रुपमा टमाटर र काउली बालीमा प्रति के.जी.रु.३( अक्षरुपी तिन रुपैयाँ मात्र) अनुदान उपलब्ध गराउने र सो कार्यान्वयनको लागि गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने सर्वसम्मत निर्णय गरियो ।

ख. यस निस्दी गाउँ कार्यपालिकाको कार्यालयको कृषि शाखा अन्तर्गतको कफी विरुवा रोपण कार्यक्रम अन्तर्गत खाडल खन्ने कार्यमा जिल्ला दर रेट अनुसार प्रति खाडल ५० प्रतिशत अनुदान उपलब्ध गराउने सर्वसम्मत निर्णय गरियो ।

ग.यस आ.व.२०८२।०८३ मा स्वीकृत प्राविधिक विषय तथा गणित विज्ञान विषय पढेका विपन्न जेहेन्दार छात्रवृत्ति कार्यक्रम अन्तर्गत वडाबाट सिफारिस भई आएका १० जना

विपन्न जेहेन्दार विद्यार्थीहरुलाई देहाय बमोजिमको छात्रवृत्ति रकम उपलब्ध गराउने र सो कार्यान्वयनको लागि गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने सर्वसम्मत निर्णय गरियो।

स्नातक तह विज्ञान — रु.३००००।—

प्लस टु तह विज्ञान — रु.२००००।—

प्लस टु तह गणित — रु.१५०००।—